गुणात्मक विद्यालय शिक्षाका लागि जीवन्त शिक्षणसिकाइ : एक चर्चा

जयप्रसाद लम्साल

विषय प्रवेश

शिक्षा मानिसको उन्नतिको आधार हो । शिक्षाले मानिसको चेतनास्तर उकास्दछ र विश्लेषण क्षमता बढाउँदछ । यसबाट मानिसलाई के राम्रो, के नराम्रो, के गर्न हुने, के गर्न नहुने भन्ने कुराको आत्मबोध हुन्छ । यी कुराले मानिसमा दूरदृष्टि बनाउने, उपाय सुझाउने, सही निष्कर्ष निकाल्नेजस्ता क्षमता बढ्छन् । शिक्षाले मानिसलाई सिर्जनशील, उद्यमशील र उत्पादनशील बनाउँदछ । यस कुराले व्यक्तिको आय र जीवनस्तर बढ्छ । शिक्षाले मानिसको चरित्र निर्माण समेत गराएर शिष्ट र सभ्य गराउँदछ जसबाट समाजमा शान्ति र व्यवस्था फैलिन्छ । समग्रमा भन्दा शिक्षाले मानव जीवनमा गुणात्मक परिवर्तन ल्याउँछ ।

हाम्रो मुलुकमा विगत दुई तीन दशकमा विद्यालयको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ । गाउँगाउँ र दूरदरारमा समेत विद्यालय खुलेका छन् । प्राथमिक शिक्षा उमेरका करिब ८७ प्रतिशत बालबालिका विद्यालय जान थालेका छन् । प्रत्येक वर्ष तीन लाखभन्दा बढी विद्यार्थी एस्.एल्.सी. परीक्षामा सामेल भएर करिब दुई लाख (आंशिक समेत गरेर) को सङ्ख्यामा उत्तीर्ण समेत हुने गरेका छन् । यही रूपमा उच्च शिक्षा पाउनेको सङ्ख्या पनि बढेर गएको छ । यसबाट हाम्रो मुलुकमा पनि पढेलेखेका युवाहरूको सङ्ख्या उल्लेख्य रूपमा बढ्दै गएको पुष्टि हुन्छ ।

यसरी हाम्रो मुलुकमा जुन अनुपातमा शिक्षाको विस्तार हुनसकेको छ त्यही अनुपातमा नेपाली जनजीवनमा शिक्षाका सकारात्मक सङ्केतहरू देखिएका भने छैनन् । नेपाली जनजीवनमा परम्परादेखिका कतिपय समस्याहरू ज्युँदै छन् भने नयाँ विकृति विसङ्गति समेत थपिएका छन् । गाउँघरमा छुवाछुतजस्तो सामाजिक कलङ्क यथावत् छ । मठमन्दिर प्रवेश गरेर आफ्नो धार्मिक आस्था प्रकट गर्न चाहने दलितहरूमाथि कथित ठूला जातले आक्रमण गरेका घटना ताजै छन् । दुःख पाएका महिलाले बोक्सीको आरोपमा गाली, बेइज्जती र यातना भोग्नु परेका घटना निरन्तर दोहोरिरहेका छन् । कथित धामी झाँक्रीले बिरामीलाई उपचारको नाममा पोलेको, डामेको र तातो पानी खन्याई दिएका घटना पनि सुनिन्छन् । पश्चिम पहाडमा महिनाबारी भएका र सुत्केरी अवस्थाका महिलाले घर छोडेर गोठमा बस्ने चलन हराएको छैन । दुर्गम क्षेत्रमा गरिबी, भोकमरी र कुपोषण व्याप्त छ । आमबेरोजगारी बढेको छ । देश छोडेर विदेशिने युवाहरूको भीड उर्लेको छ । चेलीबेटी बेचबिखन नियन्त्रणभन्दा बाहिर छ । गाउँमा वन विनास, भूक्षय र सहरमा लागु पदार्थ दुर्व्यसन, प्रदूषण, कोलाहाल, लुटपाट, मानव अपहरण, पश्चिमी उत्ताउलो संस्कृतिको अन्ध अनुकरणजस्ता समस्या थपिएका छन् । एच्.आई.भी. एड्स सङ्क्रमितहरूको सङ्ख्या उकालो चढिरहेको छ । हाम्रो मुलुकमा विद्यालय शिक्षाको विस्तारसँगै नेपाली जनजीवनमा गुणात्मक परिवर्तनका

सङ्केत नदेखिनुमा यहाँको विद्यालय शिक्षाको गुणस्तर निम्न रहेको पुष्टि हुन्छ ।

नेपाल सरकारले विद्यालय शिक्षाको क्षेत्रमा गरेका लगानीको अनुपात अन्य मुलुकको तुलनामा सानो छ तर पनि नेपालमा विद्यालय शिक्षाको क्षेत्रमा जेजति लगानी भएको छ त्यो यहाँको अन्य क्षेत्रको तुलनामा भने सबभन्दा बढी छ । आम नेपाली जनजीवनमा सकारात्मक परिवर्तनको धमिलो सङ्केतलाई दृष्टिगत गर्दा यहाँको विद्यालय शिक्षामा जे जति लगानी भएको छ त्यो पनि त्यत्तिकै खेर गइरहेको जस्तो देखिन्छ । यस कुरालाई मध्यनजर गरी देशमा विद्यालय शिक्षामा हुन सक्ने लगानीबाट शिक्षाको गुणस्तर अधिकतम गरेर नेपाली जनजीवन उकास्ने कुरामा आम शिक्षाकर्मीहरूको ध्यान जानु आवश्यक छ ।

गुणात्मक शिक्षाका लागि मुख्यत: समाजको आवश्यकता प्रतिविम्बित हुने पाठ्यक्रम त्यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको अर्थ जीवन्त शिक्षणसिकाइ हो जसबाट विद्यार्थीमा अपेक्षित सिकाइउपलब्धि आर्जन हुन्छ । नेपालमा विद्यालय शिक्षाका पाठ्यक्रम केलाउँदा यसले समग्र नेपालको आवश्यकता दुरुस्त समेटेको छ भन्न त सकिँदैन तर यसमा नेपाली बालबालिकाले सिक्नुपर्ने धेरै कुरा देखिन्छन् । पाठ्यक्रममा भएका कुरामा परीक्षा दिएर कतिपय विद्यार्थीले अङ्क भने राम्रो ल्याउने तर उनीहरूको व्यावहारिक जीवनमा विषयको भावनाअनुसार परिवर्तन हुन नसकेका कैयन उदाहरण छन् । विद्यालय तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रमको नागरिक चेतना र हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यताका क्षेत्रमा विद्यार्थीलाई राष्ट्रिय सम्पदा (प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक, धार्मिक आदि) हरूको प्रयोग गर्न र संरक्षणमा सहभागी हुन, सार्वजनिक स्थलहरूमा फोहोर मैला नगर्न र अरूलाई पनि सजग गर्न र तिनीहरूको संरक्षण कार्यमा सहयोग पुऱ्याउन सक्ने गराउने भन्ने जस्ता सिकाइ उद्देश्यहरू राखिएका छन् । केही विद्यार्थीले यी उद्देश्यसँग सम्बन्धित विषयवस्तुसमेतमा परीक्षा दिएर ८०-९० अङ्क ल्याउँछन् तर यत्रो अङ्क ल्याउने विद्यार्थीले पाठ्यक्रमको उद्देश्यअनुरूपको व्यवहार प्रदर्शन गर्न नसकेको हामी सबैले देखेभोगेका छौँ । त्यसैगरी गणित विषयको कक्षा ९-१० को पाठ्यक्रममा विद्यार्थीलाई क्षेत्रमिति (Mensuration) अन्तर्गत कार्पेट ओछ्याउने, कागज टाँस्ने, रङरोगन लगाउने, प्लास्टरिङ गर्ने, जग्गा नाप्ने, बाटो बनाउने, बाटामा इँटा आदि छाप्नेजस्ता क्षेत्रफलसम्बन्धी साधारण समस्या र गारो, काठ (चौकोस, खापा) तथा ढलानका आयतनसम्बन्धी समस्या हल गर्न सक्ने बनाउने उद्देश्यहरू राखिएका छन् । केही विद्यार्थीले परीक्षामा यिनै विषयवस्तुसँग सम्बन्धित समस्याहरू हल गरेर ९९१०० अङ्कसम्म ल्याउँछन् तर यस्ता विद्यार्थीमध्ये कतिपयले न आफ्नो घरको आँगनको क्षेत्रफल न एउटा सानो झ्यालमा प्रयोग भएको काठको आयतन अङ्कल गर्न सक्दछन् ।

गुणस्तरका लागि शिक्षणसिकाइ प्रक्रियामा सुधार

उपर्युक्त कुराबाट हाम्रो विद्यालय शिक्षाबाट विद्यार्थीले केही मात्रामा कोरा ज्ञान पाउने गरेको तर उनीहरूमा अपेक्षित व्यावहारिक परिर्वतन र सीप विकास भने अत्यन्त कम हुने गरेको पुष्टि हुन्छ । हाम्रा अधिकांश विद्यालयमा शिक्षणसिकाइ प्रक्रियाका नाममा शिक्षकले पाठ्यपुस्तक वाचन गरेर सुनाउने, प्रवचन गर्ने, पाठ्यपुस्तकमा भएका विषयवस्तुमा लिखित वा मौखिक प्रश्न सोध्ने र पाठ्यपुस्तकसँग दुरुस्त मेलखाने उत्तर नदिने विद्यार्थीलाई छडी लगाउने

गरिन्छ । यस्तो निरस र शारीरिक दण्ड दिने शिक्षणसिकाइ प्रक्रियाबाट विद्यार्थीमा शिक्षक र विद्यालयप्रति त्रास र वितृष्णा बढेर जान्छ । विद्यार्थीमा यस्तो भावना पैदा हुनु सिकाइका लागि सबभन्दा ठूलो बाधा हो । यी कुराबाट हाम्रो विद्यालय शिक्षाको गुणस्तर उकास्न सबभन्दा पहिले शिक्षणसिकाइ प्रक्रिया सुधारका लागि पाइला चाल्नु आवश्यक छ ।

विद्यार्थीमा अपेक्षित सिकाइ हुनका लागि उनीहरूलाई एकोहोरो प्रवचन सुनाउने र खप्की गर्ने भन्दा उनीहरूले रुचाउने जीवन्त क्रियाकलाप गराउने र सकेसम्म उनीहरूलाई एक्सपोज हुने अवसर दिइनुपर्दछ । यसका लागि उनीहरूलाई आफू-आफूमा, शिक्षकसँग र समाजमा उपलब्ध हुने स्रोतव्यक्तिसँग पर्याप्त अन्तरक्रिया गराइनुपर्दछ । विभिन्न कार्यक्रम र सामाजिक गतिविधिमा सहभागी हुने र अवलोकन गर्ने अवसर जुटाइ दिनुपर्दछ । फिल्डमा अभ्यास गर्ने वातावरण बनाइ दिनुपर्दछ । यसका लागि निम्न विषयमा निम्नानुसारका क्रियाकलाप र कार्यक्रम सञ्चालन गराउन सकिन्छ :

भाषा विषय

- शिक्षक र विद्यार्थी, विद्यार्थीविद्यार्थीबीचमा प्रश्नोत्तर छलफल गराउने ।
- संवाद, वादविवाद, नाटकीकरण, अभिनय गराउने ।
- कथा भन्न, सुन्न र वाचन गर्न लगाउने । विद्यार्थीले देखेभोगेका घटना वर्णन गर्न लगाउने, चुड्किला भन्न लगाउने ।
- विद्यालयमा बेलाबेलामा प्रवचन कार्यक्रम र वक्तृत्वकला आयोजना गरी विद्यार्थीलाई भाग लिन लगाउने ।
- चित्र निर्माण हस्तलेखन र निबन्ध, कथा तथा कविता लेखन प्रतियोगिता गराउने ।
- भित्ते पत्रिका प्रकाशन गर्न लगाउने ।
- हिज्जे प्रतियोगिता गराउने र अन्ताक्षरी खेल खेलाउने ।

विद्यालय तहका भाषा विद्यालयका प्रायश: पाठ्यपुस्तकहरू (विशेषत: अङ्ग्रेजी) का अधिकांश पाठमा सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषाका चारै सीप विकास गराउन सहयोगी हुने अभ्यासहरू राखिएका छन् । मिल्दा अभ्यासहरूमा विद्यार्थीहरूको रुचिलाई ख्याल गरेर कक्षाकोठाभित्रै उपयुक्त क्रियाकलाप गराउन सकिन्छ । बेलाबखतमा प्रतियोगिताका कार्यक्रम कक्षाकोठाबाहिर पनि गराउनुपर्ने हुन्छ । विद्यार्थीलाई कक्षाकोठाको क्रियाकलापले शब्द चयन तथा वाक्यगठनको सीप बढाउन मद्दत गर्दछ भने कक्षाकोठा बाहिरका क्रियाकलापले हतास (hesitation) नहुने गराउँछ । केही क्रियाकलाप समूहसमूहको प्रतियोगिताका रूपमा पनि गराउनुपर्ने हुन्छ । यसबाट विद्यार्थीमा समूहमा कार्य गर्ने, नेतृत्व बहन गर्ने जस्ता सीप विकास गराउन मद्दत गर्दछ । क्रियाकलाप गराउँदा विद्यार्थीसँग सोधेर उनीहरूले रुचाएको क्रियाकलाप गराउनु उपयुक्त हुन्छ । सिकाइ क्रियाकलाप गराउँदा पनि एउटै क्रियाकलाप निरन्तर दोहोऱ्याउनुभन्दा फरकफरक क्रियाकलाप गराइरहने हो भने क्रियाकलापमा विद्यार्थीको रुचि र सक्रियता बढ्न गई सिकाइ प्रभावकारी हुन सक्दछ ।

गणित विषय

१. तल्ला कक्षाका विद्यार्थीका लागि विभिन्न ठोसवस्तु जस्तै : कक्षा कोठामा विद्यार्थी स्वयम्, उनीहरूका हातका औंला, गुच्चा, मट्याङ्ग्रा, ढुङ्गा, छेस्का आदि गन्न लगाउने ।

२. सङ्कलित मसिना ढुङ्गा र गेडागुडी बाँडी दिएर कोसँग घटी कोसँग बढी तुलना गर्न लगाउने । यस्ता वस्तु साथीसाथीमा बराबर

भाग गर्न लगाउने, सबैको जम्मा गर्दा कति हुन्छ भन्न लगाउने ।

३. सिङ्गो वस्तुलाई २ भाग, ३ भाग, ४ भाग गर्न लगाउने ।

४. बाक्लो कागजबाट त्रिभुज, चतुर्भुज आकारका टुका काट्न लगाउने । विभिन्न प्रकृतिका त्रिभुज चतुर्भुजका सबै कोण नाप्न लगाएर त्रिभुज चतुर्भुजमा हुने डिग्री बताउन भन्ने ।

५. विद्यालयका कक्षाकोठाको क्षेत्रफल र झ्यालमा भएको काठको भोलुम नाप्न लगाउने ।

६. सानोतिनो निर्माण काम, भ्रमण, वनभोज आदिका लागि खर्चको अनुमान गर्न लगाउने ।

७. आफ्नो घरको आम्दानी र खर्चको फाँटवारी तयार गर्न लगाउने ।

८. विद्यालयमा भएका कक्षागत विद्यार्थी सङ्ख्या, आफूले विभिन्न विषयमा पाएको अङ्क र यस्तै अरू कुराको ग्राफ चार्ट निर्माण गर्न लगाउने आदि ।

सामाजिक शिक्षा

१. विद्यार्थी स्वयम्; उसको घरपरिवार, गाउँ, विद्यालय, स्थानीय तथा राष्ट्रिय चाडपर्व, विकृति आदिका बारेमा वर्णन गर्न लगाउने ।

२. छुवाछुत, बोक्सी र धामीझाँक्रीजस्ता अन्धविश्वास; जुवा तास, लागु पदार्थ दुर्व्यसन, धूमपान, चेलीबेटी बेचनविखन जस्ता विकृतिका विरुद्धमा कक्षागत वा विद्यालय परिवार मिलेर पदयात्रा, घरदैलो, छलफल र प्रवचन कार्यक्रम आयोजना गराउने ।

३. बालदिवस, प्रजातन्त्र दिवस, मानव अधिकार दिवस, संविधान दिवस, अन्तर्राष्ट्रिय नारी दिवस, अपाङ्ग दिवस, आदिवासी जनजाति दिवस आदिका उपलक्ष्यमा पदयात्रा, छलफल, प्रवचन गराउने ।

४. मनिटर, विद्यार्थी नेता, विद्यार्थी युनियनको चुनाव गराउने, मत सर्वेक्षण गर्न लगाउने ।

५. विद्यालयमा स्थानीयस्तरका सांस्कृतिक कार्यक्रमजस्तो धाननाच, चण्डीनाच, रोदी, देउडा आयोजना गर्ने ।

६. विद्यालयमा सरस्वतीपूजा, लक्ष्मीपूजा, दूर्गापूजा, म्हपूजा, होली, ल्होसारजस्ता पर्व र समारोह सञ्चालन गर्ने

७. विद्यालयमा दसैं मेला, कृषि मेला, कला प्रदर्शनीजस्ता कार्यक्रम सञ्चालन गर्ने ।

८. स्थानीय मठमन्दिर, सार्वजनिक तथा सामुदायिक केन्द्र, मेला, पर्व, धार्मिक तथा सांस्कृतिक कार्यक्रम र शैक्षिक महत्त्वका स्थलहरूको अध्ययन भ्रमण गराउने ।

९. विद्यार्थीलाई आफ्नो विद्यालय, कुवा, बाटोघाटोको निर्माण र मर्मतमा संलग्न गराउने ।

१०. स्थानीय वृद्धवृद्धा, ख्यातिप्राप्त नागरिक र विद्यालयलाई सहयोग गर्ने व्यक्तिको सम्मान गराउने ।

११. विद्यालय क्षेत्रको प्रोफाइल तयार गराउने आदि

वातावरण विज्ञान

(१) तल्ला कक्षामा डस्टबिन र चर्पीको प्रयोग गराउने

(२) विद्यालय हातामा फूलबारी निर्माण गराउने र विद्यालयको पायक पर्ने खाली ठाउँमा वृक्षरोपण गरी बारबेर गर्न लगाउने । राम्रो विरुवा बनाउनेलाई पुरस्कार दिने/प्रसंशा गर्ने ।

(३) विद्यार्थीको समूह बनाएर आलोपालो कक्षाकोठा र विद्यालय हाताको सफाइ

गराउने । कुन समूहको सफाइ राम्रो छ अनुगमन गर्ने ।

(४) स्थानीय घट्टा, कुवाको सफाइ गराउने ।

(५) आफ्नो घरको करेसाबारीमा तरकारी रोप्न निर्देशन दिने र कक्षाका विद्यार्थीलाई सामूहिक अवलोकन गराई कसको तरकारी खेती सप्रेको छ छलफल गराउने । राम्रो गर्नेलाई प्रशंसा गर्ने ।

(६) विज्ञानका प्रयोगात्मक कार्य गराउने आदि ।

स्वास्थ्य र शारीरिक शिक्षा

१. तल्लो कक्षाका विद्यार्थीलाई धारा, कुवामा लगेर ठीक ढङ्गले खरानी/रिठ्ठा आदिले हातखुट्टा मुख धुन लगाउने । नुन आदिको प्रयोग गरेर दाँत माझ्न र कुला गर्न लगाउने ।

२. धूमपान, लागुपदार्थ, कुपोषण, रोग, महामारी, एच्.आई.भी. एड्सका बारेमा जनचेतना बढाउन पदयात्रा, घरदैलो छलफल, प्रवचन गराउने ।

३. तल्ला कक्षाका बालबालिकालाई स्थानीय स्तरमा उपलब्ध हुन सक्ने खानेकुरा, मकै भटमास, आलु, गेडागुडी, सिजनल फलफूल विद्यालयमा ल्याएर खाजा खान निर्देशन दिने ।

४. विद्यार्थीलाई बेलाबेलामा पानी पिउन निर्देशन दिने । विद्यालय नजिकमा धारा कँवा नभए कक्षाका केही विद्यार्थीलाई आलोपालो प्लास्टिकका सानासाना भाँडामा पानी उपलब्ध हुने ठाउँबाट पानी ल्याउन लगाउने ।

५. विद्यालय धमिलो पानी छानेर देखाउने र विद्यार्थीलाई पनि छान्न लगाउने । पानीमा पोटासको प्रयोग गराउने ।

६. विद्यार्थीलाई नियमित रूपमा खेलकुद गराउने । विद्यालयमा बेलाबेलामा अभिभावक समेतको खेलकुद आयोजना गर्ने आदि ।

शिक्षणसिकाइ प्रक्रिया परिवर्तन कसरी

१. शिक्षणसिकाइ प्रक्रियालाई जुन प्रकारको जीवन्त पार्ने भनिएको छ त्यसै प्रकारले शिक्षक तालिमका कार्यक्रमलाई पनि जीवन्त बनाउने ।

२. हरेक विद्यालयमा शिक्षक अभिभावक संघ खोल्ने ।

३. शिक्षक र विद्यार्थीमार्फत् अभिभावकलाई प्रभावकारी शिक्षणसिकाइका लागि विद्यालयसँग घनिष्ठ हुन जागरण अभियान चलाउने । यसमा अभिभावक वर्गलाई निम्न कुराको बोध गराउने :

- विद्यालय सबै अभिभावकको सामूहिक सम्पत्ति हो । विद्यालयलाई आवश्यकतानुसार सहयोग गर्ने र सामाजिक कार्यमा विद्यालयको प्रयोग गर्न सकिन्छ ।
- विद्यालय विद्यार्थीका लागि मात्र नभएर अभिभावकसमेतका लागि अध्ययन र शिक्षा आर्जनको केन्द्र हुन सक्दछ । यसका लागि विद्यालयमा आफ्नो सक्रिय सहभागितामा विभिन्न कार्यक्रम र गतिविधि सञ्चालन गरी अनुभवन, सीप र दक्षता साटासाट गर्नुपर्दछ । यसबाट आफ्ना केटाकेटीको सिकाइ प्रभावकारी हुने मात्र नभएर समाजलाई समेत प्रत्यक्ष फाइदा पुग्दछ ।
- विद्यालयका विद्यार्थीलाई पाठ्यक्रमले निर्देश गरेका कुरावाहेक स्थानीय आवश्यकता कुरा सिकाउन सकिन्छ ।

यी कुरा अभिभावकको छलफलबाट निश्चित गर्न सकिन्छ ।

४. पाठ्यक्रम तोकेका सिकाइउपलब्धिहरू शिक्षणसिकाइ गर्न रुचिकर र प्रभावकारी विधि पाठ्यक्रममा उल्लेख गर्ने ।

५. अभिभावकको सल्लाहमा स्थानीय पाठ्यक्रम पाठ्यक्रम निर्धारण गर्ने ।

६. अभिभावक प्रतिक्रियालाई विद्यार्थी मूल्याङ्कनको अभिन्न अङ्ग मान्ने र विद्यार्थीका काम क्रियाकलाप अवलोकनबाट उनीहरूको निरन्तर मूल्याङ्कन गरेर सुधारात्मक शिक्षण सिकाइ गर्ने ।

निष्कर्ष

शिक्षा आर्जन भनेको ज्ञान र सीप आर्जन तथा चरित्र निर्माण हो । यसले व्यक्तिको जीवन यापनमा गुणात्मक परिवर्तन ल्याउँछ । नेपालमा विद्यालय शिक्षा गुणात्मक हुन नसकेका कारण नेपाली समाज विभिन्न समस्या, विकृति र विसङ्गतिबाट मुक्त हुन सकेको छैन । विद्यालय शिक्षा गुणात्मक हुन नसक्नुको मूल कारण परम्परागत प्रवचन शैलीको शिक्षणसिकाइ प्रक्रिया हो । गुणात्मक विद्यालय शिक्षाका लागि यसको शिक्षणसिकाइ प्रक्रियामा आमुल परिवर्तन गरी विद्यार्थीले विभिन्न पक्षसँग व्यापक अन्तरक्रिया गर्ने, विभिन्न कार्यक्रम र गतिविधिमा सहभागी हुने, अभ्यास गर्ने, अवलोकन गर्ने अवसर पाउनुपर्दछ । यसका लागि शिक्षक विद्यार्थीमार्फत् अभिभावकलाई विद्यालयका गतिविधिमा सक्रिय सहभागी गराउने, जनचेतनाका कार्यक्रम सञ्चालन र शिक्षक तालिम समेतलाई जीवन गराइनु आवश्यक छ ।

सन्दर्भ सामग्री

१. माध्यमिक शिक्षा पाठ्यक्रम-२०५५, पा.वि.के., सानोठिमी, भक्तपुर ।

२. प्राथमिक शिक्षा पाठ्यक्रम-२०४९, पा.वि.के./ आ.प्रा.शि.प. ।

३. प्राथमिक शिक्षा पाठ्यक्रम, कक्षा १-३, २०६२, पा.वि.के., सानोठिमी, भक्तपुर ।

4. National Curriculum Frame Work-2005, NCERT, New Delhi, India.